नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ति

यस विभागमा प्राप्त सूचनाको आधारमा जिल्ला ललितपुर, महालक्ष्मी नगरपालिका, वडा नम्बर ४ शितलहाइटस्थित गोदामबाट भन्सार चोरी पैठारी गरी लुकाई छिपाई राखेको अवस्थामा विभागबाट खटिएको टोलीले मिति २०८१।०९।२२ मा ८६,४०० थान इलेक्ट्रिक सिगरेट (भेप) हरु बरामद गरी यस विभागमा दाखिला गरी सो सम्बन्धमा अनुसन्धान गर्दा थप बुझ्नुपर्ने देखिएकोले मिति २०८१।०९।२३ गते सिल्क ग्रुप प्रा.लि. (स्थायी लेखा नम्बर ६०२४७०४६७) को जिल्ला ललितपुर, ल.पु.म.न.पा. वडा नम्बर ८ बालकुमारीस्थित शाखा कार्यालय/गोदाम तथा ऐ. मितिमा ऐ. प्रा.लि.को जिल्ला काठमाडौं का.म.न.पा. वडा नम्बर-१ नारायणचौर, नक्सालस्थित कर्पोरेट कार्यालयमा खानतलासी गर्दा बरामदित कारोबार सम्बद्ध कागजात, खाताबही तथा कम्प्युटर डिभाइससमेतको विस्तृत अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न गरी अनुसार सम्बन्धित सरकारी वकील कार्यालयको रायअनुसार प्रतिवादी सिल्क ग्रुप प्रा.लि., उक्त प्रा.लि. अन्तर्गतका सात (७) वटा प्रा.लि.हरु र सिल्क ग्रुप प्रा.लि.का अध्यक्ष रमेश शेर्पासहित १० जनालाई मुख्य प्रतिवादी र महेश प्रसाद पाठकसहित २ जनालाई मतियार कायम गरी सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेलमा मिति २०८२।०४।२९ मा अभियोगपत्र दायर गरिएको छ।

बरामदित ८६४०० थान भेप भन्सार चोरी पैठारी गर्ने कार्यमा प्रतिवादीहरु रमेश शेर्पा र विजय शेर्पाको प्रमुख भूमिका रहेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को खण्ड (ख) र (छ) ले परिभाषित गरेको भन्सार चोरी पैठारी गरी राजस्व चुहावटको कसूर गरेको तथ्य स्थापित भएको हुँदा ऐ.ऐनको दफा २(छ१) बमोजिम निज प्रतिवादीहरुउपर जम्मा रु. २०,१५,४८,९१७।०० (अक्षरेपि बीस करोड पन्ध्र लाख अड्चालीस हजार नौ सय सत्र रुपैयाँ) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो रु. २०,१५,४८,९१७।०० बराबरको भेप (विभागको गोदाममा रहेको) जफत गरी बिगोको शतप्रतिशत जरिवाना रु.२०,१५,४८,९१७।०० र ऐ. ऐनको दफा २३ को उपदफा (१) को खण्ड (घ) बमोजिम हदैसम्मको कैद सजाय हुन, चोरी पैठारी गरेको ८६,४०० थान लुकाई छिपाई राख्न प्रयोग भएको गोदामका सञ्चालक महेश प्रसाद पाठक र उक्त भेप लुकाई छिपाई राख्न साथ र सहयोग गर्ने सिल्क ग्रुप प्रा.लि.का कर्मचारी सन्तोष पराजुलीलाई ऐ. ऐनको दफा २३ को उपदफा (३) बमोजिम मुख्य प्रतिवादीलाई हुने सजायको आधा सजायको मागदावी लिइएको।

त्यस्तै, प्रतिवादी सिल्क ग्रुप प्रा.लि. र अन्तर्गतका पाँच प्रा.लि.ले मौज्दातमा रहेको ३८,९२४ थान भेप बिल बीजक जारी नगरी बिक्री गरेको कसूर स्थापित भएको, सिल्क ग्रुप प्रा.लि. र अन्तर्गतका सात प्रा.लि.हरुले भन्सार चोरी पैठारी गरी



२०८२/०४/३०

Scanned with CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

ल्याएको ३,१६,३१५ थान भेपको स्थानीय खरिद गरेको नक्कली कारोबार देखाई एक वा सो भन्दा बढी तहहरुमा नक्कली कारोबारहरु सृजना गरी खरिदको स्रोत देखाई नपाउने मू.अ.कर कट्टी दावीसमेत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को खण्ड (क) र (झ) ले परिभाषित गरेको मू.अ.कर चुहावट र (ख) र (छ) ले परिभाषित गरेको भन्सार चोरी पैठारीको कार्य गरी राजस्व चुहावटको कसुर गरेको तथ्य अनुसन्धानबाट पुष्टि भएको हुँदा ऐ.ऐनको दफा २(छ१) बमोजिम उल्लिखित प्रतिवादीहरु उपर जम्मा रु.५७,०८,००,४५३।०० ( अक्षरेपि सन्ताउन्न करोड आठ लाख चार सय त्रिपन्न रुपैयाँ) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो रु. ५७,०८,००,४५३।०० असुल गरी बिगोको शतप्रतिशत जरिवाना रु.५७,०८,००,४५३।०० र ऐ. ऐनको दफा २३ को उपदफा (१) को खण्ड (घ) बमोजिम हदैसम्मको कैद सजायको मागदाबी लिइएको।

यसरी प्रस्तुत राजस्व चुहावटको कसुरमा माथि उल्लिखित प्रतिवादीहरुबाट जम्मा रु.८७,३१,२३,८२८.५० बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो रु. ८७,३१,२३,८२८.५० जफत/असुल गरी बिगोको शतप्रतिशत जरिवाना रु.८७,३१,२३,८२८.५० समेत गरी जम्मा रु.१,७४,६२,४७,६५७।—**(अक्षरेपी एक अर्ब चौहत्तर करोड बैसठ्ठी लाख सत्चालीस हजार छ सय सन्ताउन्न रुपैयाँ)** र ऐ. ऐनको दफा २३ को उपदफा (१) को खण्ड (घ) बमोजिम हदैसम्मको कैद सजाय र मतियारहरुको हकमा ऐ. ऐनको दफा २३ को उपदफा (३) बमोजिम मुख्य प्रतिवादीलाई हुने सजायको आधा सजायको मागदाबी लिई ऐ. ऐनको दफा १८ को उपदफा (१) बमोजिम सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेलमा मिति २०८२।०४।२९ मा अभियोगपत्र दायर गरिएको छ।

मितिः-२०८२ साल श्रावण २९ गते विहिबार।

२०८२/०४/३०
...........................
(कृष्णकुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता

Scanned with CamScanner